नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

वर्ष ४ | अंक २८३ | २०८३ साल असोज ०३ गते शनिवार | Saturday 19, September 2026 | सूर्योदय: बिहान ०५:४७ बजे | सूर्यास्त: साँझ ०६:११ बजे | पृष्ठ ४ | मूल्य रु. ५/-

## सप्तरीबाट सुन चोरेका राय बारागढी–३ सिपुराबाट पक्राउ

**मधेशदृष्टि**
**कलैया।**
सप्तरीको राजविराजमा कृष्ण जन्माष्टमीका अवसरमा निकालिएको रथयात्राका क्रममा भक्तजनको सुनको सिक्री चोरी गरेको आरोपमा प्रहरीले बाराबाट एक युवकलाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा बाराको बारागढी गाउँपालिका–३ सिपुरा टोलका २५ वर्षीय निरज कुमार राय रहेका छन्। जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार भदौ २० गते कृष्ण जन्माष्टमीका अवसरमा राजविराज नगरपालिका–८ स्थित राधाकृष्ण मन्दिरबाट रथयात्रा निकालिएको थियो। नगर परिक्रमा गरिएको उक्त रथयात्रामा सहभागी राजविराज नगरपालिका–१ का रोकी झाले लगाएको २६.२४ ग्राम तौलकोसुनको सिक्री सोही क्रममा चोरी भएको थियो। सिक्री चोरी भएपछि फरार रहेका रायको खोजी गर्ने क्रममा प्रहरीले बारागढी गाउँपालिका–३ सिपुरा टोलबाट पक्राउ गरेको प्रहरीले जनाएको छ।

# प्रदेश सरकारविरुद्ध परेको भ्रष्टाचार उजुरीमा मधेश सबैभन्दा अगाडि




**मधेशदृष्टि**
**जनकपुरधाम।**
अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा आर्थिक वर्ष २०८२/८३ मा प्रदेश सरकारसँग सम्बन्धित भ्रष्टाचारका उजुरीमध्ये सबैभन्दा धेरै मधेश प्रदेशविरुद्ध दर्ता भएका छन्। आयोगका प्रवक्ता सुरेश न्यौपानेका अनुसार उक्त आर्थिक वर्षमा सातवटै प्रदेशसँग सम्बन्धित गरी कुल ५ हजार ३०५ वटा उजुरी दर्ता भएका थिए। तीमध्ये मधेश प्रदेशसँग सम्बन्धित उजुरीको संख्या १ हजार ४७५ रहेको छ।

यो कुल उजुरीको २७ दशमलव ८० प्रतिशत हो। प्रदेशगत रूपमा हेर्दा सबैभन्दा कम उजुरी गण्डकी प्रदेशसँग सम्बन्धित रहेको आयोगले जनाएको छ। गण्डकी प्रदेशविरुद्ध ४०७ वटा अर्थात् कुल उजुरीको ७ दशमलव ६७ प्रतिशत उजुरी दर्ता भएका छन्। विषयगत रूपमा भने प्रदेशअनुसार उजुरीको प्रकृति फरक देखिएको छ। कोशी, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा वन तथा वातावरण क्षेत्रसँग सम्बन्धित उजुरी बढी रहेका छन्।

मधेश प्रदेशमा भने भौतिक पूर्वाधार तथा यातायात क्षेत्रसँग सम्बन्धित उजुरीको संख्या सबैभन्दा बढी रहेको अख्तियारले जनाएको छ। आयोगका अनुसार भूमिसहित विभिन्न १० वटा मन्त्रालय तथा क्षेत्रसँग सम्बन्धित उजुरीसमेत उल्लेख्य संख्यामा परेका छन्। उजुरीमा सार्वजनिक स्रोतको दुरुपयोग, विकास निर्माण, सरकारी सेवा प्रवाह तथा विभिन्न प्रशासनिक कामकारबाहीसँग सम्बन्धित विषय समेटिएका छन्।

अख्तियारले प्रदेश सरकार तथा मातहतका निकायमा हुने कामकारबाहीसँग सम्बन्धित उजुरीलाई छानबिन तथा अनुसन्धानको प्रक्रियामा लैजाने गरेको छ। चालु आर्थिक वर्षमा समेत प्रदेश तथा स्थानीय तहका सार्वजनिक निकायमा हुने अनियमितता र भ्रष्टाचारसम्बन्धी उजुरी आयोगको निगरानीमा रहने जनाएको छ।

# नगर प्रहरी प्रमुख भुषालको जिम्मेवारी खोसियो




**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज महानगरपालिका प्रमुख राजेशमान सिंहले नगर प्रहरी प्रमुख प्रहरी तथा नगर प्रहरी निरीक्षक हरि भुसाल र प्रहरी सहायक निरीक्षक असई लक्ष्मण लुइटेललाई जिम्मेवारीबाट हटाएका छन्। प्रहरी निरीक्षक भुसाललाई यसअघि वीरगंज महानगरपालिकाका तत्कालीन प्रमुख विजयकुमार सरावगीको कार्यकालमा नगर प्रहरी प्रमुखको जिम्मेवारी दिइएको थियो।

भुसालले लामो समयदेखि महानगरको नगर प्रहरी प्रमुखका रूपमा जिम्मेवारी सम्हाल्दै आएका थिए। महानगर प्रमुख राजेशमान सिंह आफ्नो पदमा पुनर्बहाली भएपछि भुसाल र लुइटेललाई जिम्मेवारीबाट हटाएका हुन्। उनीहरूलाई हटाउनुको कारण भने महानगरपालिकाले सार्वजनिक गरेको छैन।

यसैबीच वीरगंज महानगरपालिकाका मेयर राजेशमान सिंहको निर्देशनपछि नगरको मुख्य सडक सरसफाइ तथा व्यवस्थित बनाउने अभियानले तीव्रता पाएको छ। दसैँअघि मुख्य सडकलाई पूर्ण रूपमा सफा, सुन्दर र व्यवस्थित बनाउने लक्ष्यसहित महानगरपालिकाले अभियान सञ्चालन गरेको हो। सडकको अवस्था सुधार तथा सरसफाइ कार्यलाई प्रभावकारी बनाउन महानगरपालिका र सडक डिभिजन कार्यालय हेटौँडाबीच आवश्यक समन्वयसमेत भइरहेको जनाइएको छ। दसैँअघि मुख्य सडकलाई पूर्ण रूपमा सफा, सुन्दर र व्यवस्थित बनाउने लक्ष्यसहित महानगरपालिकाले अभियान सञ्चालन गरेको हो।

सडकको अवस्था सुधार तथा सरसफाइ कार्यलाई प्रभावकारी बनाउन महानगरपालिका र सडक डिभिजन कार्यालय हेटौँडाबीच आवश्यक समन्वयसमेत भइरहेको जनाइएको छ।

# धनुषा–सिरहा जोड्ने कमला पूल दुई महिनाभित्र सञ्चालनमा ल्याउने तयारी



**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेशको लाइफलाइन मानिएको हुलाकी राजमार्गअन्तर्गत धनुषा–सिरहा जोड्ने कमला नदीको पुल निर्माण अन्तिम चरणमा पुगेको छ। करिब १५ वर्षदेखि रुग्ण आयोजनाका रूपमा रहेको पुललाई अब दुई महिनाभित्र औपचारिक रूपमा सञ्चालनमा ल्याउने तयारी गरिएको छ।

निर्माण कम्पनी र बीमा कम्पनीबीचको कानुनी विवाद तथा पुलको पिलर भाँचिएपछि लामो समयदेखि रोकिएको निर्माण कार्य सरकारले मुख्य समस्या पहिचान गरी आवश्यक सहजीकरण गरेपछि अघि बढेको हो।

नदीमा भाँचिएको १० नम्बर पिलरको पुनर्निर्माण सम्पन्न भइसकेको छ। सब–स्ट्रक्चरको ढलान, फाउन्डेसनसहित तीनवटा पिलरको सबलीकरण तथा पुलको लोड परीक्षणसमेत पूरा भएको मन्त्रालयले जनाएको छ। अब सुपर स्ट्रक्चरको स्ल्याबमाथि ढलान गर्ने काम मात्रै बाँकी रहेको छ। नदीमा पानीको सतह घटेपछि आगामी हप्ताबाट बाँकी ढलानको काम अघि बढाइनेछ। धनुषातर्फ पुलसम्म पुग्ने पहुँच सडकमा भरिएको माटो वर्षाको पानीले बगाएपछि क्षति पुगेको छ। पानीको सतह घटेपछि पुनः माटो भर्ने काम गरिनेछ। सिराहातर्फको पहुँच सडकमा भने माटो भर्ने काम सम्पन्न भइसकेको छ।

कमला पुल निर्माणका लागि २०६८ सालमा पप्पु लुम्बिनी जेभीले ठेक्का पाएको थियो। २०७८ साल असारमा पुल उद्घाटनको तयारी भइरहेका बेला पिलर भाँचिएपछि आयोजना लामो समयदेखि रुग्ण अवस्थामा थियो।

यसैबीच, मन्त्रालयले पुलसँगै कमला नदी नियन्त्रणको कामसमेत अघि बढाएको छ। नदी नियन्त्रणका लागि सरकारले २५ करोड रुपैयाँ बजेट सुनिश्चित गरेको छ। डिजाइन स्वीकृत गरी आह्वान गरिएको टेन्डरमा जेभीसहित १९ वटा निर्माण कम्पनी सहभागी भएका छन्। आगामी हप्तासम्म प्राविधिक मूल्याङ्कन सकेर आर्थिक प्रस्ताव खोल्ने तयारी मन्त्रालयको छ।

# नाबालिका बलात्कार आरोपमा एक वृद्ध र एक नाबालक पक्राउ




**मधेशदृष्टि**
**वीरगंज।**
पाँच वर्षीया नाबालिकालाई जबरजस्ती करणी गरेको आरोपमा प्रहरीले शुक्रबार बिहान बाराको पथलैयाबाट एक नाबालकलाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा जीतपुरसिमरा उपमहानगरपालिका–१ पथलैयाका १४ वर्षीय नाबालक रहेका छन्।

पीडित बालिकाको अभिभावकले प्रहरी घटनाबारे जानकारी गराएपछि नाबालक पक्राउ परेका हुन्। प्रहरी चौकी पथलैयाको प्रहरी टोलीले नाबालकलाई घरबाटै पक्राउ गरेको हो।

पक्राउ परेका नाबालकलाई इलाका प्रहरी कार्यालय सिमराको हिरासतमा राखिएको छ। पक्राउ परेका नाबालकले आरोप स्वीकार समेत गरिसकेका प्रहरीले जनाएको छ।

यसैबीच ५ वर्षीया बालिकालाई बलात्कार गरेको आरोपमा प्रहरीले एक जना बृद्धलाई पक्राउ गरेको छ। जीतपुरसिमरा उपमहानगरपालिका–१९ इनर्वासिराकी ५ वर्षीया बालिकालाई बलात्कार गरेको आरोपमा प्रहरीले स्थानीय ६० वर्षीय हसनजान मियाँलाई पक्राउ गरेको हो।

## प्रादेशिक अस्पतालमा चिकित्सकमाथि कुटपिट:

# ‘दीर्घकालीन समाधान खोज्नुपर्छ’: निर्देशक




मधेशदृष्टि
जनकपुरधाम।
जनकपुरधामस्थित प्रादेशिक अस्पतालका स्त्री तथा प्रसूति रोग विशेषज्ञ डा. सरोज साहमाथि बिरामीका आफन्तले कुटपिट गरेका छन्। कुटपिटबाट डा. साहको अनुहार, टाउको तथा शरीरका विभिन्न भागमा चोट लागेको अस्पतालले जनाएको छ। प्रसूति सेवा लिन आएकी एक महिलाको अवस्था जटिल रहेकाले शल्यक्रियामार्फत प्रसूति गराउनुपर्ने भएपछि आवश्यक परामर्शका क्रममा विवाद भएको अस्पतालका सूचना अधिकारी डा. रामज्ञान यादवले जानकारी दिए।

उनका अनुसार शल्यक्रियाअघि चिकित्सकले बिरामीका आफन्तलाई सम्भावित जोखिमबारे जानकारी गराउँदै ‘हाई रिस्क कन्सेन्ट’मा हस्ताक्षर गर्न आग्रह गरेका थिए। तर, आफन्तले हस्ताक्षर गर्न अस्वीकार गर्दै केही भए चिकित्सकले जिम्मेवारी लिनुपर्ने बताएका थिए। ‘पेसेन्टलाई सीएस गर्नुपर्ने थियो। हाई रिस्क कन्सेन्टमा साइन गर्नुपर्ने हुन्छ,’ डा. यादवले भने, ‘तर, बिरामीका आफन्तले हामी साइन गर्दैनौं भन्नुभयो। केही भए तपाईँले ग्यारेन्टी लिनुपर्छ भन्नुभयो।’

अस्पतालको प्रोटोकलअनुसार शल्यक्रियाका क्रममा हुनसक्ने सम्भावित जोखिमबारे बिरामीका आफन्तलाई जानकारी गराएर सहमति लिनुपर्ने व्यवस्था रहेको उनले बताए। तर, सोही विषयमा विवाद भएपछि

*बाँकी पृष्ठ ३ मा*

## जिल्ला प्रहरी कार्यालय पर्सा:

# भदौमा विभिन्न १५४ वटा मुद्दा दर्ता

**मधेशदृष्टि**
**वीरगंज।**
जिल्ला प्रहरी कार्यालय पर्साले भदौ महिनामा विभिन्न प्रकृतिका १५४ वटा अपराधसम्बन्धी मुद्दा दर्ता गरेको जनाएको छ। सो अवधिमा चालु मुद्दाका १३८ जना प्रतिवादी पक्राउ परेका छन्। फैसला कार्यान्वयनतर्फ १०७ जना पक्राउ गरी २४ वर्ष ३ महिना २८ दिन कैद तथा १ करोड १४ लाख ८१ हजार ७ सय ५० रुपैयाँ जरिवाना असुल गरिएको छ।

यस्तै, लागूऔषधसम्बन्धी मुद्दामा ४१ जना पक्राउ परेका छन्। प्रहरीले २२९ किलो ९ सय ३५ ग्राम गाँजा, ३ सय ५६ ग्राम ५ सय १८ मिलिग्राम ब्राउन सुगर, ९ किलो ५ सय ७८ ग्राम चरेस र अफिमसमेत बरामद गरेको जनाएको छ।

यसैगरी, भन्सार छली नियन्त्रणतर्फ करिब १ करोड ९ लाख रुपैयाँ बराबरका सामान बरामद गरिएको तथा अवैध मदिरातर्फ ३ हजार १ सय १५ लिटर मदिरा र १० हजार ६५ लिटर कच्चा पदार्थ बरामद गरिएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ।

## सम्पादकीय

# महँगीको आगोमा जनता, तथ्यांकमा सरकारको मौनता !

देशमा महँगी बढेको विषय अब केवल आर्थिक तथ्यांकको एउटा अंकमा सीमित छैन, यो आम नागरिकको भान्सादेखि दैनिक जीवनका हरेक आवश्यकतासम्म फैलिएको गम्भीर संकट हो। सरकारले आर्थिक समृद्धि, विकास र सुशासनका ठूलाठूला नारा लगाइरहँदा जनताको चुलो भने दिनप्रतिदिन महँगिँदै गएको छ। आम्दानीको स्रोत सीमित छ, रोजगारीका अवसर पर्याप्त छैनन्, तर बजारमा उपभोग्य वस्तुको मूल्य निरन्तर उकालो लागिरहेको छ। यस्तो अवस्थामा जनताको जीवनयापन कति कठिन बन्दै गएको छ भन्ने कुरा पछिल्लो मुद्रास्फीतिको तथ्यांकले स्पष्ट संकेत गरेको छ। चालु आर्थिक वर्ष २०८३÷८४ को पहिलो महिना साउनमा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ५.९६ प्रतिशत पुगेको छ। नेपाल राष्ट्र बैंकका अनुसार गत आर्थिक वर्षको सोही महिनामा मुद्रास्फीति १.६८ प्रतिशतमा सीमित थियो। एक वर्षको अवधिमा महँगीको दरमा भएको यो उल्लेखनीय वृद्धिले नेपाली अर्थतन्त्रमा देखिएको दबाबलाई उजागर गरेको छ। मूल्यवृद्धि केवल तथ्यांकमा बढेको होइन, यसको प्रत्यक्ष असर न्यून आय भएका परिवारको भान्सामा परेको छ। दैनिक ज्यालादारी गर्ने श्रमिक, साना व्यवसायी, निश्चित तलबमा जीवन धान्ने कर्मचारी तथा बेरोजगार युवाको आर्थिक कठिनाइ थप गहिरिँदै गएको छ।

नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनले महँगीको सबैभन्दा ठूलो असर खाद्यान्न तथा यातायात क्षेत्रमा परेको देखाएको छ। घिउ तथा तेलको मूल्य १५.६२ प्रतिशतले बढ्नु, फलफूलमा १५.३९ प्रतिशत वृद्धि हुनु र माछा तथा मासुको मूल्य ८.६५ प्रतिशतले उकालो लाग्नु सामान्य विषय होइन। तरकारीमा ६.९० प्रतिशत र मरमसलामा ४.८० प्रतिशतको मूल्यवृद्धिले दैनिक खाना पकाउने खर्चसमेत बढाएको छ। खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ६.७७ प्रतिशत पुग्नुले आम नागरिकको जीवनमा खाद्य सुरक्षासँगै आर्थिक सुरक्षाको प्रश्न पनि खडा गरेको छ। भान्सामा प्रयोग हुने तेलदेखि परिवारका बालबालिकालाई खुवाउने फलफूलसम्म महँगो बन्दै जाँदा न्यून आय भएका परिवारले आफ्नो उपभोग घटाउनुपर्ने बाध्यता सिर्जना हुन सक्छ। पोषणयुक्त खानाको विकल्पमा सस्तो र कम गुणस्तरका वस्तुको प्रयोग बढ्ने जोखिम हुन्छ। यसले तत्कालको आर्थिक भार मात्र होइन, दीर्घकालीन रूपमा जनस्वास्थ्यमा समेत असर पार्न सक्छ। राज्यले महँगीलाई केवल मौद्रिक नीतिको विषय मानेर पन्छिन मिल्दैन। यो सामाजिक न्याय, खाद्य सुरक्षा र नागरिकको सम्मानपूर्वक बाँच्न पाउने अधिकारसँग जोडिएको विषय हो।

गैरखाद्य तथा सेवा समूहमा ५.५२ प्रतिशत मुद्रास्फीति रहँदा यातायात क्षेत्रमा १३.१७ प्रतिशतको मूल्यवृद्धि भएको छ। यातायात महँगिनुको असर यात्रुमा मात्र पर्दैन, यसको प्रत्यक्ष प्रभाव ढुवानी खर्च, कृषि उपजको बजार मूल्य, निर्माण सामग्री र समग्र आपूर्ति प्रणालीमा पर्छ। यातायात खर्च बढेपछि उत्पादनस्थलबाट बजारसम्म सामान पु¥याउने लागत बढ्छ र अन्ततः त्यसको भार उपभोक्ताकै काँधमा आउँछ। यातायातको मूल्यवृद्धिले अर्थतन्त्रका अन्य क्षेत्रलाई समेत प्रभावित पार्ने भएकाले यसलाई सामान्य मूल्य समायोजनका रूपमा बेवास्ता गर्न सकिँदैन। त्यस्तै मदिरामा ७.२० प्रतिशत, कपडा तथा जुत्ताचप्पलमा ५.५२ प्रतिशत र सुर्तीजन्य पदार्थमा ४.९७ प्रतिशत मूल्यवृद्धि भएको तथ्यांक सार्वजनिक भएको छ। तर, जनताको आधारभूत आवश्यकता पूरा गर्ने खाद्यान्न, शिक्षा, स्वास्थ्य, आवास र यातायातजस्ता क्षेत्रमा बढ्दो खर्चलाई सम्बोधन नगरी समग्र आर्थिक अवस्थालाई सकारात्मक देखाउने प्रयास गर्नु जनताको वास्तविक पीडामाथि पर्दा हाल्नु मात्र हुनेछ। महँगीको अर्को गम्भीर पक्ष यसको भौगोलिक असमानता हो। तथ्यांकअनुसार सहरी क्षेत्रको तुलनामा ग्रामीण क्षेत्रमा महँगी बढी छ। ग्रामीण क्षेत्रमा उपभोक्ता मूल्य सूचकांक ६.१८ प्रतिशतले बढ्दा सहरी क्षेत्रमा ५.८८ प्रतिशत वृद्धि भएको छ। प्रदेशगत रूपमा मधेसमा मुद्रास्फीति ६.९४ प्रतिशत पुगेको छ भने सुदूरपश्चिममा ४.६१ प्रतिशत रहेको छ। तराई क्षेत्रमा ६.६४ प्रतिशत महँगी बढेको तथ्यांकले पनि मूल्यवृद्धिको भार सबै क्षेत्रमा समान नभएको देखाउँछ।

मधेश प्रदेशमा महँगीको दर उच्च हुनु विशेष चिन्ताको विषय हो। यस क्षेत्रमा ठूलो जनसंख्या कृषि, दैनिक ज्याला, साना व्यापार र अनौपचारिक अर्थतन्त्रमा निर्भर छ। आम्दानीको स्थायित्व कमजोर भएका परिवारले खाद्यान्न तथा दैनिक उपभोग्य वस्तुको मूल्यवृद्धि सहजै धान्न सक्दैनन्। सीमावर्ती बजार, आपूर्ति प्रणाली, बिचौलियाको भूमिका, ढुवानी खर्च तथा बजार अनुगमनको प्रभावकारिताजस्ता विषयमा गम्भीर अध्ययन आवश्यक छ। मधेशका जनताको क्रयशक्ति कमजोर हुँदै जाँदा यसको असर स्थानीय व्यापार, उत्पादन र रोजगारीमा समेत पर्न सक्छ। महँगी नियन्त्रण गर्ने जिम्मेवारी नेपाल राष्ट्र बैंकको मौद्रिक नीतिमा मात्र सीमित छैन। सरकारका आपूर्ति व्यवस्थापन, कृषि उत्पादन, भण्डारण, बजार अनुगमन, कर नीति र उपभोक्ता संरक्षणसँग सम्बन्धित निकायले समेत प्रभावकारी भूमिका निर्वाह गर्नुपर्छ। बजारमा कृत्रिम अभाव सिर्जना गर्ने, कालोबजारी गर्ने, म्याद गुज्रिएका वस्तु बेच्ने वा उपभोक्तालाई ठगी गर्ने प्रवृत्तिमाथि कडा कारबाही आवश्यक छ। अनुगमनका नाममा केही पसलमा छापा मारेर फोटो खिचाउने र त्यसपछि समस्या जस्ताको तस्तै छाड्ने प्रवृत्तिले नागरिकलाई राहत दिन सक्दैन।

सरकारले मूल्यवृद्धिको वास्तविक कारण पहिचान गरी तत्कालीन र दीर्घकालीन समाधानका कार्यक्रम अघि सार्नुपर्छ। कृषि उत्पादन बढाउने, किसानलाई उचित मूल्य दिलाउने, बिचौलियाको अनावश्यक प्रभाव घटाउने, खाद्यान्न भण्डारण प्रणाली सुदृढ बनाउने तथा अत्यावश्यक वस्तुको आपूर्ति सहज बनाउने कार्यमा राज्यको प्राथमिकता देखिनुपर्छ। साथै, न्यून आय भएका र जोखिममा रहेका परिवारलाई लक्षित राहत तथा सामाजिक सुरक्षा कार्यक्रम प्रभावकारी बनाउन आवश्यक छ। महँगीको विषयमा सरकारको जवाफदेहिता केवल तथ्यांक सार्वजनिक भएपछि विज्ञप्ति निकाल्नुमा सीमित हुनुहुँदैन। जनताको आम्दानी र खर्चबीचको अन्तर बढ्दै जाँदा नागरिकको जीवनस्तर खस्किन सक्छ। त्यसैले सरकारसँग स्पष्ट कार्ययोजना, नियमित अनुगमन र परिणाम देखिने हस्तक्षेपको अपेक्षा गर्नु स्वाभाविक हो। महँगी बढ्दै जाने, रोजगारीका अवसर खुम्चिँदै जाने र आम्दानीको वृद्धि सुस्त रहने हो भने आर्थिक विकासका सूचकांकले मात्र जनताको जीवनमा समृद्धि ल्याउन सक्दैनन्।

समृद्धिको वास्तविक अर्थ जनताले आफ्नो आम्दानीबाट सहज रूपमा खाना, शिक्षा, स्वास्थ्य, आवास र यातायातको खर्च धान्न सक्नु हो। जनताको क्रयशक्ति कमजोर बनाउँदै विकासको दाबी गर्नु अर्थहीन हुन्छ। पछिल्लो मुद्रास्फीतिको तथ्यांक सरकारका लागि चेतावनीको घण्टी हो। अब पनि महँगीलाई सामान्य आर्थिक उतारचढाव भन्दै पन्छाउने हो भने यसको मूल्य आम नागरिकले अझ ठूलो पीडाका रूपमा चुकाउनुपर्नेछ। जनताको भान्सामा लागेको महँगीको आगो निभाउन सरकार गम्भीर, पारदर्शी र परिणाममुखी कदम चाल्न बाध्य हुनुपर्छ। नागरिकलाई भाषण होइन, राहत चाहिएको छ, आश्वासन होइन, बजारमा देखिने परिवर्तन चाहिएको छ। राज्यको आर्थिक नीतिको वास्तविक परीक्षा यही हो उसले जनताको जीवन कति सहज बनाउन सक्छ।

## सात दशकदेखि नेपालको एसियाली खेलकुदमा सहभागिता:

# प्रतीक्षा स्वर्ण पदकको

राजु सिलवाल

**काठमाडौँ।**
प्रत्येक चार वर्षमा आयोजना हुने गरेको एसियाली खेलकुद एसियाडमा नेपालले सहभागिता जनाउन थालेको सात दशक बितिसकेको छ। हरेक संस्करणमा नेपाली खेलाडीले नयाँ उत्साह, नयाँ सम्भावना र पदकको आशा बोकेर प्रतिस्पर्धा गर्दै आएका छन्। एसियाडमा केही खेलाडीले पदक जितेर इतिहास रच्दै नेपालको राष्ट्रिय झण्डा उचाल्ने अवसर पाइसकेका छन् तर एउटा प्रश्न अझै अनुत्तरित छ—एसियाली खेलकुदमा नेपालले स्वर्णपदक कहिले पाउला ? एसियाडमा हालसम्म सिमित नेपाली खेलाडीले मात्र रजत र काँस्य पदक पाएका छन्। नेपालको यात्रा स्वर्णपदकसम्म पुग्न अझै बाँकी छ।

त्यसैले अब केवल सहभागितामा मात्र सीमित नभएर स्वर्णपदकको प्रतीक्षा अन्त्य गर्ने चुनौती पनि रहेको छ। राष्ट्रिय खेलकुद परिषदले जापानको नागोयामा असोज ३ गतेदेखि औपचारिक रुपमा उदघाटन हुने बिसौं एसियाली खेलकुदको तयारीकालागि केही खेलको तीन वर्षसम्म प्रशिक्षण जारी राखेर ठूलो लगानी गरेको छ। यस्तो तयारीको जिम्मा बिगतका एसियाली खेलकुदमा लगातार दुईपटक काँस्य पदक जित्न सफल दिपक विष्टको नेतृत्वको टोलीलाई दिइएको थियो। नेपाली खेल टोलीको यसपटकको लक्ष्य रहेको छ, दोहरो अङ्कको पदकसहित स्वर्ण पदक जित्ने। उक्त लक्ष यथार्थमा परिणत होला कि नहोला आम नेपालीको प्रतीक्षाको विषय बनेको छ।

**नागोयाको प्रतिस्पर्धा**

यसपटक एसियाडमा नेपालले विभिन्न २१ खेलमा प्रतिस्पर्धाका लागि ५७ महिला तथा ७८ पुरुष गरी १३५ जना खेलाडी पठाउँदैछ। नेपालको खेल टोलीमा कूल २११ जना रहेको सार्वजनिक गरिएको थियो तर नेपाल ओलम्पिक कमिटी, विभिन्न सङ्घका प्रतिनिधि, आयोजकका तर्फबाट आमन्त्रण गरिएका रेफ्री र 'जज'हरु आदि गरी नेपालबाट जापान पुग्नेको संख्या अझै बढ्नसक्ने देखिएको छ। एसियाडमा सहभागिताका लागि नेपाल सरकारको ठूलो लगानी रहेको छ। भोटेकोशीको बाढीको समस्याले मुलुकको आर्थिक अवस्था जर्जर भैरहेको वर्तमान अवस्थामा नेपाल सरकारको लगानीमा दुई सयभन्दा बढीको खेल टोलीलाई जापान पठाउनुभन्दा टोलीको आकार सानो बनाई सहभागी गराउँदा उचित हुन्थ्यो भन्ने तर्क पनि रहेको छ। सबै सहभागी मुलुकले पदक प्राप्तिलाई नै मूल लक्ष्य मानेर मैदानमा उत्रदै छन्। नेपालले पनि पदक जित्न सक्ने सम्भावित खेललाई मुख्य जोड दिँदा उचित हुन्थ्यो। सन् २०२३ मा चीनको हाङझाउमा भएको १९ औँ एसियाली खेलकुदमा नेपालले विभिन्न २९ वटा खेलमा २५३ जना खेलाडीलाई सहभागिता गराएको तुलनामा यसपालि टोली केही सानो छ। नेपालले यो एसियाडमा आर्चरी, ब्याडमिण्टन, बक्सिङ, क्यानोइङ, क्रिकेट, साइक्लिङमा भाग लिदैछ। नेपाली खेलाडीहरुले गल्फ, जुडो, कबड्डी, कराते, स्केट बोर्ड, सफ्ट टेनिस, स्क्वास, स्विमिङ, टेबुलटेनिस, ताईक्वाण्डो, टेनिस, महिला भलिबल, कुस्ती र उसु खेलमा पनि प्रतिस्पर्धा गर्दैछन्। नेपालले विभिन्न एसियाडमा गरी सर्वाधिक १३ वटा पदक जितिसकेको ताइक्वाण्डोमा छनोट चरणमा पराजय भएपछि तीन खेलाडीलाई मात्र पठाएको छ।

नेपालको सहभागिता धेरै खेलमा भएता पनि मुलुकको छवि ज्वाज्वल्यमान बनाउने कार्य भने सीमित खेलबाट हुने निश्चित छ। तैपनि त्यति महत्वपूर्ण प्रतियोगितामा भाग लिन गएका नेपाली खेलाडीहरुले खेलको न्यूनतम् मापदण्ड भने पार गर्नै पर्ने हुन्छ। एसियाडका लागि अनिवार्य सहभागी हुनुपर्ने एथलेटिक्स, पौडीजस्ता खेलबाहेक अन्य प्रत्येक खेलमा नेपालले भाग लिएको औचित्य पुष्टी गर्नु जरुरी ठानिएको छ। एसियाड जस्तो उच्चस्तरीय प्रतियोगितामा राष्ट्रिय कीर्तिमानको कुनै अर्थ रहन्न। नेपालको वैदेशिक प्रदर्शनको इतिहास खासै सन्तोषजनक भएको पाइँदैन। यस्तै भर्खरै नेपालमा प्रवेश भएका खेलका लागि पनि एकैचोटी एसियाड उपयुक्त मञ्च पक्कै हुन सक्दैन।

**पदकको अपेक्षा**

जापानमा नेपालको प्रदर्शनको पूर्व अनुमान गर्दा विगतको नतिजाको मूल्याङ्कनको आधारमा टिम खेलको तुलनामा ब्यक्तिगत प्रतिस्पर्धामा नेपालले राम्रो नतिजा हासिल गर्न सक्ने गर्ने आँकलन गर्न सकिन्छ। विशेषगरी मार्सलआर्टस्का कराते, ताइक्वाण्डो, बक्सिङजस्ता खेलमा नेपालले पदकको अपेक्षा गर्नसक्ने देखिन्छ। ग्वाङझाउमा भएको एसियाडमा रजत पदक जितिसकेकी कराते खेलाडी एरिका गुरुङ लगातार तीन वर्षको प्रशिक्षणपछि आसन्न एसियाडमा प्रतिस्पर्धा गर्ने भएकाले उनलाई स्वर्ण पदकको सम्भावित खेलाडीका रुपमा हेरिएको छ। उनले गत एसियाली खेलकुदपछि अन्य विभिन्न महत्वपूर्ण वैदेशिक प्रतियोगितामा समेत स्वर्णलगायतका पदक मुलुकमा भित्र्याउन सफ भएकीछिन्। उनले महिलाहरुको ६८ केजीमाथिको तौल समूहमा प्रतिस्पर्धा गर्दैछिन्।

एसियाडमा नेपालबाट सहभागी हुने खेलाडीहरुमध्ये जापान पुग्ने पहिलो टोली करातेको थियो। नेपाली कराते टोलीले एसियाली खेलकुदको थप तयारी टोकियोस्थित विश्व सितोरियो करातेको मेन डोजोमा गरेको छ। प्रतियोगितामा प्रतिस्पर्धा गरिरहेका तीन पुरुष तथा पाँच महिला कराते खेलाडीलाई नै पदकको दाबेदारका रुपमा सम्बन्धित प्रशिक्षकले लिएका छन्। नेपालको तर्फबाट बक्सिङलाई पनि पदक भित्र्याउने सम्भावित खेलका रुपमा हेरिएको छ। विश्व च्याम्पियनशीप बक्सिङमा पहिलोपटक कास्य पदक जित्दै नेपाली खेलाडीहरुमध्ये हालसम्मकै सबैभन्दा सर्वाधिक राशि ७५ हजार डलर पुरस्कार पाउन सफल बक्सर चन्द्रबहादुर थापाबाट खेल अधिकारीहरुले ठूलै पदकको आशा गरेका छन्।

नेपालले एसियाडमा पहिलोपटक टिम खेलमा पनि विगतको भन्दा राम्रो नतिजा ल्याउने अपेक्षा गरिएको छ। गत एसियाली खेलकुदमा कास्य पदक जितेको महिला कबड्डी टिमको उही सेट तीन वर्षको प्रशिक्षणपछि भारतमा थप प्रशिक्षण र बङ्गलादेशमा अभ्यास खेलको अनुभवसहित एसियाली खेलकुदमा उत्रदैछ। वर्षभरि नै व्यस्त कार्यतालिकामा अभ्यास गरिरहेको नेपाली पुरुष क्रिकेट टिम मलेशियामा एसिसी प्रिमियर कप जितेर उच्च मनोबलका साथ एसियाडमा सहभागी हुँदैछ। दक्षिण एसियाली खेलकुदमा रजत पदक जितिसकेकको नेपाली महिला भलिबलले पनि एसियाडमा प्रतिस्पर्धा गरिरहेको छ। नेपाली महिला भलिबल टोलीले एभिसी सेन्ट्रल जोन महिला भलिबलजस्ता प्रतियोगितामा उपाधि जितिसकेको छ।

**विशिष्ठ कक्षबाट बिदाई**

नेपालमा पहिलोपटक खेलाडीलाई प्रतियोगितामा खेल्न विदेश जाँदा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको विशिष्ठ कक्षबाट बिदाई गरी उनीहरुको मनोबल उकास्ने प्रयत्न गरिएको छ। विगतदेखि नै जतिसुकै महत्वपूर्ण प्रतियोगिताकालागि विदेश जाँदा तथा उपाधि हासिल गरेर स्वदेश फर्कदा समेत खेलाडीहरुले सर्वसाधारणले प्रयोग गर्ने कक्ष नै प्रयोग गर्ने गर्दथे। एसियाडका लागि जापान गएका कराते खेलाडीहरुलाई बिदाई गरी यस्तो कार्यको थालनी गरिएको थियो।

जापान जाने सबै खेलाडीहरुलाई विशिष्ठ कक्षबाटै बिदाई गरिदैंछ। यस्तो व्यवस्थाबाट खेलाडीहरुले लामो लाइन बस्नु पर्ने झन्झटबाट मुक्त भएका छन् तर फेरि मलेशियामा एसिसी प्रिमियर लिग जितेर हालै मलेशियाबाट स्वदेश फर्केको नेपाली क्रिकेट टिमलाई भने विशिष्ठ कक्षमा स्वागत गरिएन। नेपालमा कीर्तिमानी आरोहीहरुले समेत नेपालको विमानस्थलमा सर्वसाधारण सरह नै सम्पूर्ण प्रक्रिया गर्नुपर्ने बाध्यता रहेको छ।

**इतिहासतर्फ फर्कदा**

नेपालले एसियाली खेलकुदको प्रारम्भदेखि नै निरन्तर सहभागिता जनाउँदै आइरहेको छ। भारतको नयाँदिल्लीमा सन् १९५१ मा आयोजना भएको पहिलो एसियाली खेलकुदमा एथलेटिक्सतर्फ धावक स्वर्गीय गजराज जोशीले नेपालको प्रतिनिधित्व गरेका थिए। त्यसपछि सन् १९५४ मा फिलिपिन्सको मनिला तथा सन् १९६२ मा इण्डोनेशियाको जकार्तामा भएको एसियाली खेलकुदबाहेक नेपालको सहभागिता हालसम्म अन्य कुनै एसियाली खेलकुदमा छुटेको छैन। जापानले यस वर्ष समेत गरी हालसम्म तीनपटक एसियाडको आयोजना गरिसकेको छ।

पहिलोपटक सन् १९५८ मा टोकियोमा तेस्रो एसियाली खेलकुद आयोजना हुँदा नेपालले एथलेटिक्समा मात्र दुई खेलाडी पठाएको थियो। त्यतिखेर धावक स्वर्गीय भूपेन्द्र सिलवालले म्याराथन दौडमा सातौं स्थान प्राप्त गरेका थिए। सन् १९९४ मा हिरोसिमामा १२ औं एसियाली खेलकुदमा नेपालले ताइक्वाण्डोमा दुई र करातेमा एक कास्य पदक प्राप्त गरेको थियो। विभिन्न एसियाली खेलकुदमा खेलेका केही नेपाली खेलाडीको निधन समेत भैसकेको छ।

**पहिलो पटक जित्दा**

एसियाडमा नेपालले पदक पाउन सन् १९५१ देखि सन् १९८६ सम्म कुर्नुप¥यो। सन् १९८६ मा दक्षिण कोरियाको राजधानी सियोलमा सम्पन्न दशौं एसियाली खेलकुदमा नेपालले पहिलोपटक ठूलै सफलता प्राप्त गरेको थियो। एकैपटक ताइक्वाण्डोतर्फ चार र बक्सिङतर्फ चार गरी कूल आठ कास्य पदक जित्नु सानो उपलब्धि थिएन। अझ उल्लेखनीय पक्ष त एसियाली खेलकुद लगत्तै सियोलमै सन् १९८८ मा आयोजित गृष्मकालीन ओलम्पिकमा एसियाडमा पदक जितेका ताइक्वाण्डो खेलाडी विधान लामाले पुनः कास्य पदक प्राप्त गरी नयाँ इतिहास बनाउन सफल भएका थिए तर त्यस ओलम्पिकमा ताइक्वाण्डोलाई प्रदर्शन खेलका रुपमा समावेश गरिएकाले उनको पदकलाई आधिकारिक मान्यता दिइएन। त्यसपछि नेपाल एसियाडको पदक तालिकामा लगातार नछुटे पनि अत्यधिक पदक जितेको इतिहास फेरि बनाउन सकेको छैन।

**अत्यधिक पदक जितेर फर्कदा**

दक्षिण कोरियाको एसियाडमा पदक जितेर स्वदेश फर्केका खेलाडीहरुलाई पहिलोपटक भव्य सम्मानसहित १४ अञ्चलकै परिक्रमा गराइएको थियो। त्यतिखेर राजधानी सियोलमा भएको दशौं एसियाली खेलकुदमा पहिलोपटक पदक त्यो पनि अत्यधिक संख्यामा प्राप्त गरेर कीर्तिमान नै कायम गरेर नेपाली खेलाडीहरुले प्रशंसनीय कार्य गरेका थिए। ताक्वाण्डोमा चार र बक्सिङमा चार गरी आठ वटा पदक मुलुक भित्रिनु सानो सफलता थिएन। यसरी पदक जितेका खेलाडीहरुलाई काठमाडौंमा विमानस्थलदेखि भव्य स्वागतका साथ विजय जुलुस निकालिनुका साथै देशका विभिन्न भागमा परिक्रमा गराइएको थियो। खेलाडीहरुले मुलुकका विभिन्न भागमा सम्मानका साथै विभिन्न जिन्सी सामान र नगद पुरस्कारका साथै प्रत्येक पदक विजेताले राजदूत मोटरसाइकलसमेत प्राप्त गरेका थिए। त्यसबखत विभिन्न अञ्चलमा रहेका तत्कालीन अञ्चलाधीशहरुले यस्तो कार्यको संयोजन गरेका थिए। त्यसपछि कुनै पदक पनि पदक विजेता खेलाडीले यसरी देशव्यापी परिक्रमासहित ठूलो सम्मान प्राप्त गर्ने अवसर पाएका छैनन्।

**हालसम्मको पदकको स्थिति**

नेपालले सन् १९५१ देखिनै एसियाली खेलकुदमा आफ्नो उपस्थिति जनाउँदै आइरहेको भएता पनि हालसम्म कुनै स्वर्ण पदक पाउन सकेको छैन। नेपालले विभिन्न एसियाली खेलकुदमा गरी तीन रजत र २३ काँस्य पदक गरी कूल २६ पदक हासिल गरेको छ तर ७५ वर्षको सहभागिताको यात्रा अवधिमा प्राप्त पदकको संख्या खासै उल्लेखनीय होइन। रजत पदक प्राप्तिको प्रसङ्गको चर्चा गर्दा ताइक्वाण्डो खेलाडी सविता राजभण्डारीले सन् १९९८ मा बैंककमा भएको १३ औं एसियाली खेलकुदमा मुलुकका लागि एसियाली खेलकुदमा पहिलो रजत पदक जितेकी थिइन्।

सन् २०१८ मा इण्डोनेशियाको जकार्तामा भएको एसियाली खेलकुदमा नेपालले पाराग्लाइडिङको क्रस कन्ट्री टिम इभेण्टमा दोस्रोपटक रजत पदक जितेको थियो। सन् २०२३ मा चीनको हाङ्गझाउमा भएको एसियाली खेलकुदमा नेपालकी एरिका गुरुङले महिलाहरुको ६८ केजी तौल समूहको करातेमा मुलुकको लागि रजत पदक जितेकी थिइन्। पछिल्लो पटक चीनमा नेपाली महिला कबड्डी टिमले पनि कास्य पदक प्राप्त गरेको थियो। यस्तै सन् २००२ र सन् २००६ मा गरी ताइक्वाण्डो खेलाडी दिपक विष्ट एसियाली खेलकुदमा दुई कास्य पदक जित्ने एकमात्र नेपाली खेलाडी बन्न सफल भएका थिए।

**बिर्सनै नसकिने त्यो एसियाड**

जापानको हिरोसिमामा सन् १९९४ भएको १२ औं एसियाडलाई कहिल्यै बिर्सिन नसकिने एसियाडका रुपमा स्मरण गर्न सकिन्छ। उक्त प्रतियोगितामा नेपाली खेल टोलीको नेतृत्व गरी सेभ दि मिसनका रुपमा गएका तत्कालीन राष्ट्रिय खेलकुद परिषदका सदस्य नरेश अधिकारीको जापान पुगेलगत्तै दुःखद निधन भएको थियो। त्यतिखेर विभिन्न खेलका प्रतियोगिता सुरु हुदाँ खेलाडीहरुले कालोपट्टी बाँधेर शोक प्रकट गरेका थिए। जापानी अधिकारीहरुले स्वर्गीय अधिकारीको शव अन्तिम संस्कारका लागि नेपालसम्म ल्याउन सहयोग गरेका थिए।

सोही एसियाडमा अर्को बिर्सिन नसकिने घटना पनि घटेको थियो। मुलुकको प्रतिनिधित्व गरेर खेल्न गएका फुटबल, बक्सिङ जस्ता खेलका केही नेपाली खेलाडी जापानमै बेपत्ता भएपछि विदेशी सञ्चार माध्यममा प्रमुख समाचार बन्न पुगेको थियो। त्यसपछि नेपाली टोलीका अन्य सदस्यलाई जापानी सुरक्षाकर्मीले विशेष निगरानी राखेका अनुभव गर्न सकिन्थ्यो। एसियाली खेलकुद समाप्त भैसकेपछि पनि जापानको टेलिभिजन टोली नेपालसम्म आएर पनि अनुगमन समाचार बनाएको थियो। त्यस्तो दुःखद् अवस्थामा पनि ताइक्वाण्डो र करांतेका खेलाडीले कास्य पदक जितेर मुलुकको इज्जत राखेका थिए।

**धेरैपटक एसियाड खेल्ने खेलाडी**

नेपालका टेनिस खेलाडी अभिषेक बास्तोलाले नागोयामा चौथोपटक भाग लिएर धेरैपटक एसियाली खेलकुदमा खेल्ने नेपाली बन्न सफल भएका छन्। उनले सन् २०१४ मा पहिलोपटक दक्षिण कोरियामा आयोजित एसियाली खेलकुदमा १६ वर्षको उमेरमा सहभागिता जनाएका थिए। उनले दोस्रोपटक २०१८ मा इण्डोनेशिया तेस्रोपटक सन् २०२३ मा चीनमा एसियाली खेलकुदमा खेलिसकेका छन्। कुनै पनि महत्वपूर्ण खेलकुद प्रतियोगिता प्रारम्भ हुनु केही समयअघि खेलाडी जम्मा गरी सीमित प्रशिक्षणको भरमा प्रतिस्पर्धा गराउनु नेपालका लागि कुनै नौलो होइन। विगतदेखि नै यस्तै अभ्यास हुँदै आएको छ।

ओलम्पिक, एसियाड जस्ता ठूला खेलकुद प्रतियोगितालाई लक्षित गरी दीर्घकालीन प्रशिक्षण सञ्चालन नगरिएसम्म यस्ता प्रतियोगितामा यथोचित सफलता असम्भव रहेको छ। खेलकुदमा राजनीति हुनु हुँदैन। मुलुकमा सरकार परिवर्तनपिच्छे राष्ट्रिय खेलकुद परिषद्का पदाधिकारीको परिवर्तनले पनि खेलकुदको दुरगामी विकासमा असर पार्दै आइरहेको छ। यस्तै खेलकुद परिषद तथा नेपाल ओलम्पिक कमिटीबीच बेलाबखत हुने गरेको मनोमालिन्य पनि खेलकुद विकासको अवरोध बन्न पुगेको छ। ओलम्पिक कमिटीको कार्यालयमा नौ महिना तालाबन्दीले झण्डै यसपालिको एसियाडमा नेपालको सहभागिता गुम्ने अवस्थामै पुगिसकेको थियो।

विगतमा सन् २०२० सम्ममा ओलम्पिकमा पदक जित्ने लक्ष गरी सुरु गरेको 'भिजन ट्वाण्टी–ट्वाण्टी' जस्ता अभियानलाई पछिल्ला पदाधिकारीले निरन्तरता नदिनाले पदक प्राप्तिको दीर्घकालीन लक्ष्य ओझेलमा पर्न गएको थियो। नेपालले एसियाली खेलकुदमा निरन्तर भाग लिदैं आइरहेको भए तापनि प्रत्येक चोटीको सहभागिताको समाप्तिपछि खेल प्रदर्शनबारे यथोचित समीक्षा गरी देखिएका कमी कमजोरी हटाउन उचित योजनासहित सम्बन्धित निकाय क्रियाशील नहुँदा हरेकपटक पदक प्राप्तिमा समेत असर पर्न गएको देखिएको छ। यस सन्दर्भमा ग्वाङझाउ एसियाडबाट खेलाडीहरु फर्केपछि तीन वर्ष लामो प्रशिक्षण गर्ने अवसर पाएका केही खेलका खेलाडी जापानबाट पदक बोकेर फर्कने कुरामा सम्बन्धित प्रशिक्षक आशावादी देखिएका छन्।

नेपालले परिणामको आँकलन नै नगरी किन यति धेरै खेलमा भाग लियो भन्ने प्रश्न अनुत्तरित रहँदै मुलुकको सहभागितालाई परिणाममुखी बनाउन सम्बन्धित सबैको प्रयत्न महत्वपूर्ण मानिएको छ। खेल अधिकारीहरुले अपेक्षा गरे झैं पहिलोपटक दोहोरो अङ्कसहितको स्वर्ण पदक जित्न नेपाली खेलाडीहरु सफल भएमा नयाँ इतिहास पक्कै लेखिनेछ तर उचित परिणाम प्राप्त हुन नसकेमा त्यसको सम्पूर्ण जिम्मेवारी खेलकुदका जिम्मेवार अधिकारीहरुले लिनुपर्ने हुन्छ। खेल मैदानमा लज्जाजनक पराजय हुँदा मुलुकको पनि प्रतिष्ठा गासिएको हुन्छ। एसियाडमा नेपालको सहभागिता पदकको प्रतिस्पर्धा मात्र नभई विश्व खेलकुदमा नेपालको पहिचान स्थापित गर्ने महत्वपूर्ण अवसर पनि भएकाले यसलाई सहभागितामा मात्र सीमित राख्न नहुने टड्कारो आवश्यकता महसुस गरिएको छ। रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# भदौमा धनुषामा १५९ अपराधका घटना, घरेलु हिंसाका ९० उजुरी




**मधेशदृष्टि**
**जनकपुरधाम।**
जिल्ला प्रहरी कार्यालय धनुषाले २०८३ साल भदौ महिनामा जिल्लामा १५९ वटा विभिन्न प्रकृतिका अपराधका घटना दर्ता भएको जनाएको छ। अपराध अनुसन्धान तथा नियन्त्रण, फैसला कार्यान्वयन, सडक सुरक्षा, विपद् व्यवस्थापन र नागरिक सेवाका क्षेत्रमा विभिन्न गतिविधि सञ्चालन गरिएको प्रहरीले जनाएको हो।

जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार दर्ता भएका अपराधका घटनामध्ये ज्यानसम्बन्धी १६, चोरीसम्बन्धी २०, आत्महत्यासम्बन्धी १६, संगठित तथा आर्थिक अपराधसम्बन्धी २१, सामाजिक अपराध ३८, महिला तथा बालबालिकासम्बन्धी २३, सवारी ज्यानसम्बन्धी ३ र अन्य प्रकृतिका २२ घटना रहेका छन्। त्यस्तै, कर्तव्य ज्यान, हातहतियार, मानव बेचबिखन, बैंकिङ कसुर, जुवातास, ठगी तथा मुद्रासम्बन्धी गरी जघन्य तथा गम्भीर प्रकृतिका २१ वटा घटना दर्ता भएको प्रहरीले जनाएको छ।

**१३५ फरार प्रतिवादी पक्राउ**

चालु मुद्दाका फरार प्रतिवादी पक्राउ गर्ने अभियानअन्तर्गत भदौ महिनामा धनुषामा १३५ जना पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। सार्वजनिक चासो रहेका पेन्डिङ मुद्दाको अनुसन्धानतर्फ ८२ वटा मुद्दा फछ्र्यौट गरिएको विवरणमा उल्लेख छ।

फैसला कार्यान्वयनतर्फ अदालतबाट भएका फैसला कार्यान्वयनका क्रममा ९२ वटा मुद्दा फछ्र्यौट गरिएको प्रहरीले जनाएको छ। यस क्रममा ७२ वर्ष १४७ महिना ४५१ दिन कैद तथा ८८ लाख ७३ हजार २१ रुपैयाँ जरिवाना असुलउपर गर्नुपर्ने फैसला कार्यान्वयन गरिएको विवरणमा उल्लेख छ।

**घरेलु हिंसाका ९० उजुरी**

महिला, बालबालिका तथा ज्येष्ठ नागरिकसम्बन्धी घटनामा भदौ महिनामा ९० वटा उजुरी परेको प्रहरीले जनाएको छ। घरेलु हिंसातर्फ पनि ९० वटा उजुरी परेकोमा ८४ वटा मिलापत्रमार्फत फछ्र्यौट गरिएको छ। उपमहानगरपालिकातर्फ ३८, नगरपालिकातर्फ ३८ र गाउँपालिकातर्फ १४ वटा घरेलु हिंसाका उजुरी परेको विवरणमा उल्लेख छ। तीमध्ये क्रमशः ३५, ३७ र १२ वटा उजुरी मिलापत्रबाट टुंग्याइएको प्रहरीले जनाएको छ।

हराएका महिला, पुरुष, बालबालिका तथा ज्येष्ठ नागरिकको खोजी र उद्धारतर्फ पनि प्रहरीले काम गरेको जनाएको छ। भदौमा महिला २२, पुरुष १०, बालक ७, बालिका २३ र ज्येष्ठ नागरिक ९ जना गरी ७१ जना हराएको विवरण दर्ता भएको थियो। यस अवधिमा महिला ४, पुरुष २, बालक ९, बालिका ६२ र ज्येष्ठ नागरिक २४ गरी विभिन्न व्यक्तिहरू फेला परेको विवरण प्रहरीले सार्वजनिक गरेको छ।

७६७ ठाडो उजुरी

प्रहरी कार्यालयमा प्रत्यक्ष तथा जिल्ला प्रशासन कार्यालयमार्फत आएका ठाडो उजुरीतर्फ भदौ महिनामा ७६७ वटा उजुरी परेको छ। जसमध्ये प्रहरी कार्यालयमा प्रत्यक्ष रूपमा ५२० उजुरी परेकोमा ३५७ वटा फछ्र्यौट भएका छन् भने १६३ वटा बाँकी छन्।
त्यस्तै, जिल्ला प्रशासन कार्यालयमार्फत प्रहरी कार्यालयमा आएका २४७ उजुरीमध्ये ११८ वटा फछ्र्यौट भएका छन् भने १२९ वटा फछ्र्यौट हुन बाँकी रहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।

**३३२ किलोभन्दा बढी गाँजा बरामद**

लागूऔषध नियन्त्रण अभियानअन्तर्गत प्रहरीले भदौ महिनामा ३३२ किलो ४७० ग्राम गाँजा बरामद गरेको जनाएको छ। त्यस्तै, २२० दशमलव ६ ग्राम ब्राउन सुगर तथा अन्य लागूऔषधसमेत बरामद गरिएको विवरणमा उल्लेख छ। लागूऔषध कारोबार तथा प्रयोग नियन्त्रणका लागि नियमित चेकजाँच, गस्ती र जनचेतनामूलक कार्यक्रमलाई प्राथमिकता दिइएको प्रहरीले जनाएको छ।

७७ सवारी दुर्घटना, ७६३ सवारीमाथि कारबाही

सडक सुरक्षा तथा ट्राफिक व्यवस्थापनतर्फ भदौ महिनामा धनुषामा ७७ वटा सवारी दुर्घटना भएको प्रहरीको तथ्याङ्क छ। दुर्घटनामा ११५ वटा सवारीसाधन संलग्न रहेको र १४८ जना घाइते भएको विवरणमा उल्लेख छ। दुर्घटनामा घाइते तथा प्रभावित व्यक्तिको उद्धारमा समेत प्रहरी परिचालन भएको जनाइएको छ।

ट्राफिक नियम उल्लंघन गर्ने ७६३ वटा सवारीसाधनमाथि कारबाही गरिएको र त्यसबाट ७ लाख ६९ हजार ५०० रुपैयाँ राजस्व संकलन भएको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार दुर्घटनाको प्रमुख कारण चालकको लापरबाही देखिएको छ। उपलब्ध विवरणअनुसार चालकको कारणबाट ६५ र अन्य कारणबाट १२ वटा दुर्घटना भएको उल्लेख छ।

**विपद्का २० घटनामा चारको मृत्यु**

भदौ महिनामा धनुषामा विभिन्न प्रकृतिका २० वटा विपद्का घटना भएको प्रहरीले जनाएको छ। ती घटनामा चार जनाको मृत्यु र १३ जना घाइते भएका छन् भने ९ जनालाई प्रहरीले उद्धार गरेको विवरणमा उल्लेख छ। आगलागी, बाढीपहिरो, पानीमा डुब्ने तथा अन्य विपद्का घटनामा प्रहरी टोली परिचालन गरी उद्धार तथा सुरक्षासम्बन्धी काम गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

**भन्सार छली नियन्त्रणमा १ लाख १७ हजारभन्दा बढीको सामान बरामद**

राजस्व चुहावट तथा भन्सार छली नियन्त्रण अभियानअन्तर्गत प्रहरीले १ लाख १७ हजार १६० रुपैयाँ बराबरको सामान बरामद गरेको जनाएको छ। प्राकृतिक सम्पदा दोहन नियन्त्रणतर्फ १५ वटा सवारीसाधन बरामद गरी १ लाख ४ हजार रुपैयाँ जरिवाना असुल गरिएको विवरणमा उल्लेख छ।

अवैध मदिरा नियन्त्रणतर्फ प्रहरीले ५२० लिटर मदिरा बरामद गरेको जनाएको छ।

समुदाय र विद्यालय केन्द्रित जनचेतनामूलक कार्यक्रम

अपराध न्यूनीकरणका लागि प्रहरीले भदौ महिनामा दैनिक गस्ती तथा पेट्रोलिङ, नियमित चेकजाँच, भारतीय सुरक्षा निकायसँग समन्वय र विभिन्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गरेको जनाएको छ। समुदाय केन्द्रित कार्यक्रमअन्तर्गत लागूऔषधविरुद्ध १४ वटा कार्यक्रम सञ्चालन गरी ३४५ जना लाभान्वित भएका छन्। विपद्सम्बन्धी ११ वटा कार्यक्रमबाट २७५ जना र बालविवाहविरुद्ध दुईवटा कार्यक्रमबाट ५० जना लाभान्वित भएको विवरणमा उल्लेख छ।

त्यस्तै, ट्राफिक सचेतना, अन्य सामाजिक अपराध न्यूनीकरण तथा नागरिक सचेतनासहित ९५ वटा समुदाय केन्द्रित कार्यक्रम सञ्चालन गरिएको र त्यसबाट २ हजार ५४० जना लाभान्वित भएको प्रहरीले जनाएको छ। विद्यालय केन्द्रित सचेतनामूलक कार्यक्रममा लागूऔषध, साइबर अपराध, लैङ्गिक हिंसा तथा अन्य विषयलाई प्राथमिकता दिइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

प्रहरीका हटलाइनमा ७ हजार ७८६ कल

नागरिकसँग प्रहरीको प्रत्यक्ष सम्पर्क विस्तार गर्ने उद्देश्यले सञ्चालनमा रहेका हटलाइन तथा प्रहरी कार्यालयका सम्पर्क नम्बरमा भदौ महिनामा ७ हजार ७८६ वटा कल आएको प्रहरीले जनाएको छ। जसमध्ये हटलाइनमा २ हजार ७०१ र प्रहरी कार्यालयका डीएसपी सम्पर्क नम्बरमा ५ हजार ८५ कल आएको विवरणमा उल्लेख छ।

नागरिक सहायता कक्षमा समेत ६ हजार ९९३ सेवाग्राही पुगेको प्रहरीले जनाएको छ। जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता तथा सूचना अधिकारी प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले अपराध नियन्त्रणसँगै नागरिकमैत्री प्रहरी सेवामा जोड दिइएको बताए। उनका अनुसार अपराध न्यूनीकरणका लागि प्रहरीको नियमित गस्ती, चेकजाँच र अनुसन्धानलाई प्रभावकारी बनाउँदै समुदायसँगको समन्वयलाई समेत प्राथमिकतामा राखिएको छ।

'अपराध नियन्त्रण प्रहरीको प्रयासबाट मात्र सम्भव हुँदैन, यसका लागि समुदाय, स्थानीय तह, विद्यालय, नागरिक समाज तथा सम्बन्धित सरोकारवाला निकायबीच निरन्तर सहकार्य आवश्यक हुन्छ,' प्रवक्ता खनालले भने, 'भदौ महिनामा अपराध अनुसन्धान र फरार प्रतिवादी पक्राउसँगै महिला तथा बालबालिका सुरक्षा, लागूऔषध नियन्त्रण, ट्राफिक व्यवस्थापन, विपद् उद्धार र नागरिक सहायता सेवामा पनि प्रहरी परिचालन गरिएको छ।' प्रवक्ता खनालले सीमा क्षेत्रमा हुने अवैध गतिविधि नियन्त्रणका लागि भारतीय समकक्षी सुरक्षा निकायसँग समन्वय बढाइएको र अपराध न्यूनीकरणका लागि प्राप्त सूचनालाई अनुसन्धान तथा कारबाहीसँग जोडिएको बताए।

उनले प्रहरीको कामलाई थप नागरिकमैत्री, जवाफदेही र परिणाममुखी बनाउँदै लैजाने प्रतिबद्धता व्यक्त गरे। जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार अपराध नियन्त्रणसँगै प्रहरी कर्मचारीको मनोबल बढाउन उत्कृष्ट प्रहरी घोषणा तथा पुरस्कार प्रदान गर्ने, आवश्यकता अनुसार आलोपालो बिदाको व्यवस्था मिलाउनेलगायतका गतिविधि पनि सञ्चालन गरिएको छ। साथै पीडित पुनःभेटघाट कार्यक्रमलाई नवप्रवर्तनात्मक गतिविधिका रूपमा अघि बढाइएको प्रहरीले जनाएको छ।

प्रहरीले भदौ महिनाको समग्र कार्यसम्पादनमा अपराध अनुसन्धान र नियन्त्रणसँगै नागरिक सेवा, जनचेतना, सडक सुरक्षा, विपद् व्यवस्थापन तथा सामाजिक अपराध न्यूनीकरणलाई समान रूपमा प्राथमिकता दिएको जनाएको छ।

# लोककल्याणकारी विज्ञापनको रकम कटौतीविरुद्ध पत्रकार महासंघ आन्दोलित, असोज ५ देखि देशव्यापी आन्दोलन

**मधेशदृष्टि**
**काठमाडौँ।**
छापामाध्यमले प्राप्त गर्दै आएको लोककल्याणकारी विज्ञापनको रकममा सरकारले भारी कटौती गरेको भन्दै नेपाल पत्रकार महासंघले देशव्यापी आन्दोलनको चेतावनी दिएको छ। सूचना तथा सञ्चार मन्त्रालयले जारी गरेको 'छापामाध्यमका लागि लोककल्याणकारी विज्ञापन प्रकाशनसम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८३' खारेज गर्नुपर्ने माग गर्दै महासंघले सरकारलाई तीन दिनको अल्टिमेटम दिएको हो।

महासंघका अनुसार नयाँ कार्यविधिबाट पत्रपत्रिकाले लोककल्याणकारी विज्ञापनबापत पाउँदै आएको रकममा उल्लेख्य कटौती हुने अवस्था सिर्जना भएको छ। यसले छापामाध्यमको आर्थिक अवस्था थप प्रभावित हुने भन्दै महासंघले कार्यविधि तत्काल खारेज गरी पुरानै व्यवस्था कायम गर्न माग गर्दै आएको छ। कार्यविधि खारेजीको मागसहित



सञ्चार तथा सूचना प्रविधिमन्त्रीसमक्ष भदौ २५ गते ध्यानाकर्षण गराए पनि त्यसको सुनुवाइ नभएको महासंघले जनाएको छ। त्यस्तै, समस्या समाधान नभएसम्म लोककल्याणकारी विज्ञापनको बिल नबुझ्न विज्ञापन बोर्डलाई भदौ २१ गते गरिएको आग्रहसमेत बेवास्ता गरिएको महासंघको भनाइ छ।

महासंघका अध्यक्ष निर्मला शर्माको अध्यक्षतामा शुक्रबार सरोकारवालासहित बसेको बैठकले माग सम्बोधनका लागि सरकारलाई तीन दिनको समय दिएको हो। उक्त अवधिमा माग पूरा नभए असोज ५ गते सोमबारदेखि पहिलो चरणमा देशव्यापी आन्दोलन सुरु गर्ने निर्णय बैठकले गरेको महासंघले जनाएको छ। महासंघले लोककल्याणकारी विज्ञापनमा महालेखापरीक्षकको कार्यालयबाट बेरुजु नदेखिएको दाबी गरेको छ। त्यस्तै, प्रेस काउन्सिल नेपालले समेत लोककल्याणकारी विज्ञापनबापत उपलब्ध गराइने रकममा हेरफेर तथा वृद्धि गर्न सिफारिस गरेको महासंघले उल्लेख गरेको छ।

यही आधारमा कार्यविधिमार्फत विज्ञापन रकम कटौती गर्ने निर्णय पुनरावलोकन गर्न माग गर्दै महासंघले शुक्रबार सञ्चार तथा सूचना प्रविधिमन्त्रीसमक्ष पुनः ध्यानाकर्षण पत्र बुझाएको जनाएको छ। महासंघले सरकारसँग वार्ता र संवादमार्फत समस्या समाधान हुने अपेक्षा राखेको छ। तर, माग सम्बोधन नभए बैठकले गरेको निर्णयअनुसार पहिलो चरणमा विभिन्न कार्यक्रमसहित देशभर आन्दोलन सञ्चालन गरिने महासंघका महासचिव रामप्रसाद दाहालले बताए।

आन्दोलनमा सहभागी हुन महासंघले आफ्ना मातहतका प्रदेश, जिल्ला तथा अन्य समितिसहित सम्बन्धित सबै सरोकारवालालाई आह्वानसमेत गरेको छ। छापामाध्यमको आर्थिक स्थायित्वसँग प्रत्यक्ष जोडिएको लोककल्याणकारी विज्ञापनको रकम कटौतीसम्बन्धी विवाद तत्काल समाधान नभए आन्दोलन थप विस्तार हुनसक्ने संकेत महासंघले गरेको छ।

# जनकपुर–अयोध्या–दिल्लीबीच वन्दे भारत रेल संचालन गर्न अर्यालको माग

**मधेशदृष्टि**
**जनकपुरधाम।**
नेपाली कम्युनिष्ट पार्टीकी सांसद उर्मिला अर्यालले महिला, आदिवासी–जनजाति तथा दलित समुदायलाई विकासका काममा प्राथमिकताका साथ मूलप्रवाहीकरण गर्न सरकारसँग माग गरेकी छिन्। शुक्रबार राष्ट्रिय सभाको बैठकमा बोल्दै अर्यालले मधेशको समन्यायिक, आधुनिक तथा गतिशील सामाजिक, आर्थिक र राजनीतिक विकासका लागि लक्षित कार्यक्रम सञ्चालन गर्नुपर्ने बताएकी हुन्।

उनले जनकपुर–अयोध्या–दिल्लीबीच आधुनिक 'वन्दे भारत' रेल सेवा सञ्चालन गर्नुपर्ने मागसमेत गरिन्। यसबाट जनकपुर र अयोध्याबीचको ऐतिहासिक तथा सांस्कृतिक सम्बन्ध थप सुदृढ हुनुका साथै दिल्लीबाट नेपाल आउने पर्यटक तथा तीर्थयात्रीलाई समेत सहज हुने उनको भनाइ छ। 'महिला, आदिवासी–जनजाति तथा दलित समुदायलाई प्राथमिकताका साथ विकासको मूलधारमा ल्याउन आवश्यक छ। जनकपुर–अयोध्या–दिल्लीबीच आधुनिक वन्दे भारत रेल सेवा सञ्चालनका लागि पहल गर्नुपर्छ। यसले जनकपुर र अयोध्याबीचको ऐतिहासिक सम्बन्धलाई थप सुदृढ गर्दै धार्मिक पर्यटन र आवागमनलाई सहज बनाउनेछ,' उनले बैठकमा भनिन्।

अर्यालले भारत सरकारका सम्बन्धित पक्षसँग यस विषयमा छलफल गर्दा उनीहरू पनि रेल सेवा सञ्चालनप्रति उत्सुक रहेको आफूले पाएको बताइन्। सांसद अर्यालले देशको सबै श्रमशक्तिलाई उत्पादनमूलक रोजगारी उपलब्ध गराउने कार्यक्रम सञ्चालन गर्नुपर्नेमा जोड दिइन्। साथै, उच्च गतिमा पुँजी निर्माण गर्ने नीति तथा कार्यक्रम आवश्यक रहेको उनले बताइन्।

उनले मधेशको विकासका लागि संघ, प्रदेश र स्थानीय तह सबै सरकारले समन्वयात्मक रूपमा काम गर्नुपर्ने बताउँदै विकासका कामलाई शीघ्र र द्रुत गतिमा अघि बढाउन आग्रह गरिन्। 'साथै, सबै श्रमशक्तिका लागि उत्पादनमूलक रोजगारी र तीव्र पुँजी निर्माणका कार्यक्रम सञ्चालन गर्न आवश्यक छ। यी कार्यहरू शीघ्र अघि बढाउन सके मात्र मधेशमा समन्यायिक, आधुनिक र गतिशील सामाजिक–आर्थिक व्यवस्था निर्माण गर्न सकिन्छ। यसका लागि सबै तहका सरकारसँग आग्रह गर्दछु,' उनले भनिन्।

उनले मधेशको समग्र विकासका लागि आफूले उठाएका मागलाई संघीय सरकारसँगै प्रदेश तथा स्थानीय सरकारहरूले समेत प्राथमिकतामा राख्नुपर्ने बताइन्।

# रामजानकी मन्दिर संरक्षित स्मारक क्षेत्र घोषणा

**मधेशदृष्टि**
**जनकपुरधाम।**
नेपाल सरकारले जनकपुरधामस्थित प्रसिद्ध रामजानकी मन्दिरलाई संरक्षित स्मारक क्षेत्र घोषणा गरेको छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका अनुसार मन्त्रिपरिषद्को निर्णयबाट प्राचीन स्मारक संरक्षण ऐन, २०१३ बमोजिम मन्दिर क्षेत्रलाई संरक्षित स्मारक क्षेत्र घोषणा गरिएको हो।

सरकारले चार किल्ला निर्धारण गरी संरक्षित क्षेत्रको सीमा तोकेको छ।

अब उक्त क्षेत्रमा भवन तथा अन्य भौतिक संरचना निर्माण गर्दा सम्पदा संरक्षणसम्बन्धी मापदण्ड पालना गर्नुपर्नेछ। रामजानकी मन्दिरलाई युनेस्कोको विश्व सम्पदा सूचीमा सूचीकृत गर्ने नेपालको लक्ष्यअनुसार संरक्षण र व्यवस्थापनका लागि यो निर्णय गरिएको मन्त्रालयले जनाएको छ।

# भदौमा २३ अर्ब ४६ करोड बढी राजस्व संकलन

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज भन्सार कार्यालयले चालु आर्थिक वर्षको भदौ महिनामा २३ अर्ब ४६ करोड रुपैयाँभन्दा बढी राजस्व संकलन गरेको छ। भन्सार कार्यालयले सार्वजनिक गरेको तथ्यांक अनुसार भदौ ३१ गतेसम्म एक महिनाको अवधिमा २३ अर्ब ४६ करोड १५ लाख रुपैयाँ राजस्व संकलन भएको हो।
वीरगंज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक कृष्णप्रसाद मैनालीका अनुसार भदौ मसान्तसम्मको संकलनसँगै चालु आर्थिक वर्षको वार्षिक राजस्व लक्ष्यको १४.५२ प्रतिशत पूरा भएको छ। मूल्य तथा राजस्व योगदानका आधारमा बिस्कुट, दलहन, कपडा तथा लत्ताकपडा, औद्योगिक कच्चा पदार्थ र खाद्यान्न प्रमुख आयातित वस्तु रहेका छन्।

# जनकपुरमा मनाइयो श्री बलभद्र जयन्ती, सयौँको सहभागितामा नगर परिक्रमा

**मधेशदृष्टि**
**जनकपुरधाम।**
जनकपुरधाममा व्याहुत सेवा समिति (कलवार कुट्टी) ले श्री बलभद्र जयन्ती तथा पूजा उत्सव भव्यताका साथ मनाएको छ।

कलवार समुदायको धार्मिक तथा सांस्कृतिक महत्त्व बोकेको उक्त उत्सवका अवसरमा बिहीबार सयौँको सहभागितामा भव्य जुलुस निकालिएको हो। बिहीबार बिहान ११ बजे कलवार कुट्टीबाट निकालिएको जुलुस जनकपुरधामका विभिन्न सडक तथा प्रमुख मार्ग हुँदै अघि बढेको थियो। धार्मिक उत्साह र उल्लासका साथ निकालिएको जुलुसमा कलवार समुदायका सदस्यहरूको उल्लेख्य सहभागिता रहेको थियो।

जुलुसका क्रममा विभिन्न संस्थाले सहभागीलाई सम्मान गरेका थिए। जनक चोकमा गनिनाथ गोविन्द सेवा समितिका अध्यक्ष राघवेन्द्र साहको नेतृत्वमा व्याहुत सेवा समिति (कलवार कुट्टी) का अध्यक्ष श्यामप्रसाद साह, सांसद नरेन्द्रप्रसाद गुप्तालगायतलाई वस्त्र प्रदान गरी सम्मान गरिएको थियो।

# प्रादेशिक अस्पतालमा चिकित्सकमाथि...

आफन्तले चिकित्सकप्रति अपशब्द प्रयोग गरेको र नराम्रो शब्द नबोल्न आग्रह गर्दा चिकित्सकको भिडियो बनाउँदै कुटपिट गरेको डा. यादवले बताए।
'नराम्रो शब्द नबोल्न आग्रह गर्दा उहाँहरूले चिकित्सकको भिडियो बनाउँदै कुटपिट गर्न थाल्नुभयो,' उनले भने। घटनापछि कुटपिटमा संलग्नहरू बिरामीलाई लिएर अस्पतालबाट बाहिरिएको उनले बताए। घटनामा दुई–तीन जना युवा र दुई जना महिला संलग्न रहेको अस्पतालले जनाएको छ।
जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता डीएसपी ओमप्रसाद खनालका अनुसार घटनामा संलग्न भएको आरोपमा दुई जनालाई पक्राउ गरिएको छ। उनीहरूमाथि थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।
घटनापछि प्रादेशिक अस्पतालका चिकित्सकहरूले काम गर्ने वातावरण नरहेको भन्दै सामूहिक रूपमा उजुरी दिने तयारी गरेका छन्। चिकित्सकमाथि भएको आक्रमणको विरोधमा काम ठप्प गर्ने चेतावनीसमेत दिइएको अस्पताल प्रशासनले जनाएको छ।
अस्पतालका निर्देशक डा. जामुन प्रसाद सिंहले चिकित्सकमाथि हुने आक्रमणको दीर्घकालीन समाधान खोज्नुपर्ने बताएका छन्। उनले चिकित्सकमाथि हुने आक्रमणका घटनामा स्वास्थ्य मन्त्रालयसँगै शिक्षा र अर्थ मन्त्रालयको नीति तथा व्यवस्थापन पक्षसमेत जिम्मेवार रहेको बताएका छन्। सरकारले अस्पतालका लागि आवश्यक जनशक्ति र सुरक्षालगायतका मापदण्ड बनाए पनि सोअनुसार दरबन्दी र जनशक्ति उपलब्ध नगराउँदा समस्या बढेको उनको भनाइ छ।
डा. सिंहका अनुसार प्रसूति गृहमा १२० जना नर्स आवश्यक पर्ने मापदण्ड बनाइए पनि अस्पतालभरमै त्यति संख्यामा नर्सको दरबन्दी उपलब्ध नहुनु विरोधाभासपूर्ण छ। बिरामीको चाप अत्यधिक हुने सरकारी अस्पतालमा जनशक्ति अभाव हुँदा चिकित्सक र स्वास्थ्यकर्मीमाथि कामको दबाबसमेत बढ्ने उनले बताए।
चिकित्सकमाथि आक्रमणका घटना बढ्नुमा नागरिकमा कानुनी प्रक्रियाभन्दा तत्काल आक्रोशमा आउने प्रवृत्ति देखिनु पनि समस्या रहेको डा. सिंहको भनाइ छ। उनले बिरामी वा कुरुवाले समस्या आए चिकित्सकसँग छलफल तथा कानुनी उपचार खोज्नुपर्नेमा हातपातमा उत्रिनु गलत भएको बताए।
सरकारी अस्पतालमा एउटै बिरामीसँग धेरै कुरुवा आउने गरेकोप्रति पनि उनले असन्तुष्टि जनाए। उनका अनुसार निजी अस्पतालमा कुरुवाको संख्या सीमित हुने भए पनि सरकारी अस्पतालमा एउटै बिरामीसँग धेरै जना कुरुवा आएर चिकित्सकलाई पटक–पटक एउटै विषयमा प्रश्न गर्ने अवस्था छ। 'चिकित्सकले एक पटक काउन्सेलिङ गर्नुपर्ने ठाउँमा बिरामीका आठ जना कुरुवाले छुट्टाछुट्टै प्रश्न गर्दा चिकित्सकको पनि समय खेर जान्छ,' डा. सिंहले भने।
उनले चिकित्सकमाथि हुने आक्रमण रोक्न अस्पतालमा सुरक्षाकर्मी थप्दैमा मात्र समस्या समाधान नहुने बताए। चिकित्सकले उपचारका क्रममा बिरामीको मृत्यु होस् भनेर कहिल्यै नचाहने भन्दै बिरामी र कुरुवाले पनि उपचारका क्रममा हुनसक्ने जोखिम बुझ्नुपर्ने उनको भनाइ छ। डा. सिंहले चिकित्सक, बिरामी तथा कुरुवाबीचको सम्बन्ध सुधारसँगै अस्पतालमा आवश्यक जनशक्ति व्यवस्थापन र स्वास्थ्य सेवासम्बन्धी नीति कार्यान्वयनका लागि सरकार, स्वास्थ्य मन्त्रालय, शिक्षा मन्त्रालय, अर्थ मन्त्रालय तथा नागरिक समाजबीच बृहत् छलफल आवश्यक रहेको बताए। उनले चिकित्सकमाथि हुने आक्रमणको दीर्घकालीन समाधानका लागि समन्वित पहल गर्नुपर्नेमा जोड दिए।

# जनमत पार्टीको राष्ट्रिय अध्यक्षमा..

यादव, बाल गोविन्द चौधरी, वीरेन्द्र महतो (जीवन त्यागी) र रामबाबु साहले उम्मेदवारी दिएका छन्। उम्मेदवारहरू धनुषा, सप्तरी, रौतहट, महोत्तरी, सिरहा, बारा, बाँके र नवलपरासीका हुन्। पार्टीको कार्यकारिणी सदस्य पदमा विभिन्न जिल्लाबाट उम्मेदवारी परेको छ। प्रारम्भिक सूचीअनुसार सप्तरीबाट थानेश्वरप्रसाद साह, शम्भुकुमार साह, महेशप्रसाद यादव, रामगमन साह, मञ्जुकुमारी चौधरी, उपेन्द्रप्रसाद साह, सञ्जीव नारायण यादव, सञ्जयकुमार यादव, देवनारायण साह, सुरतलाल साह, विशेश्वर रजक, प्रियंका कुमारी संत, मुकेश मैरता र शिवनन्दन महतोले उम्मेदवारी दिएका छन्।
रौतहटबाट व्रजकिशोर राय यादव, रामलाल राय यादव, डा. रामशंकर ठाकुर, विजयप्रसाद पटेल र मो. असदुल्लाहको उम्मेदवारी परेको छ। सिरहाबाट गोपालप्रसाद यादव, अरविन्द सहनी, दुष्यन्तकुमार कर्ण, विनोदकुमार यादव, रञ्जितकुमार साह, जागेश्वर साह तेली, प्रदीपकुमार महतो र रामजुलुम साहले उम्मेदवारी दिएका छन्। महोत्तरीबाट सन्तबहादुर साह र वीरेन्द्रकुमार मण्डल तथा धनुषाबाट कौशलेन्द्र गिरी, डा. सुरेन्द्रप्रसाद यादव, मो. सावीर राइन, अशोककुमार साह, ब्रह्मदेव महतो, सञ्जय प्रधान, रामपुकार यादव र सञ्जयकुमार ठाकुरको उम्मेदवारी परेको छ।
कार्यकारिणी सदस्यमा नवलपरासी पश्चिमका अमिरुल्लाह जोल्हा, कपिलवस्तुका विनोदकुमार चौधरी, काठमाडौंका श्यामसुन्दर साह, बर्दियाकी दीपिका यादव, सुनसरीकी आशा कुमारी मेहता, रुपन्देहीका निलु कुमारी चौधरी, शिवचरण केवट, लक्ष्मी चौधरी र धीरजकुमार चौधरीले पनि उम्मेदवारी दर्ता गराएका छन्। बाराबाट सद्दाम अंसारी, राजकुमार कुशवाहा, फिरोज अंसारी, राजुप्रसाद साह, शिवनाथप्रसाद पटेल, सुरेशप्रसाद, विकासकुमार सिंह, सन्तोषप्रसाद पटेल, गाजानन्दप्रसाद यादव, राजेश साह र विजय गुप्ताको उम्मेदवारी परेको छ।
पर्साबाट राज गिरी, नाजमा खातुन, अनितादेवी रौनियार, मालती कुशवाहा, विनय यादव र सन्तोष साहले कार्यकारिणी सदस्य पदमा उम्मेदवारी दिएका छन्। त्यस्तै, रुपन्देहीका निलम पासमान, मोरङका वीरेन्द्रकुमार मण्डल र झापाका अमृतलाल महतोको उम्मेदवारी पनि कार्यकारिणी सदस्यमा परेको छ।
सर्लाहीबाट श्रीचन राय यादव, सुवोधकुमार मण्डल, कलिम, सुनिलप्रसाद गुप्ता र विष्णुप्रसाद गुप्ताले उम्मेदवारी दिएका छन्। बाँकेका विष्णुप्रसाद गुप्ताको नामसमेत कार्यकारिणी सदस्यको सूचीमा उल्लेख छ।
जनमत पार्टीको दोस्रो महाधिवेशनबाट अध्यक्षसहित विभिन्न पदाधिकारी तथा कार्यकारिणी सदस्य चयन हुनेछन्। अध्यक्षमा डा. राउत निर्विरोध भए पनि अन्य पदमा परेको उम्मेदवारीअनुसार निर्वाचन प्रक्रिया अघि बढ्ने जनाइएको छ।

## पोखरियामा राष्ट्रिय परिचयपत्र

# बनाउने नाममा रकम असुलीको आरोप, सेवाग्राहीलाई सास्ती !

***प्रतिव्यक्ति ५ सयदेखि १ हजार ५ सयसम्म असुली हुने दाबी, दुई जनाको विवरण संकलन गर्न ३ हजार मागेको गुनासो ।***

**मधेशदृष्टि**
**पोखरिया।**
पर्साको पोखरिया नगरपालिकामा राष्ट्रिय परिचयपत्रको विवरण संकलन गर्ने क्रममा सेवाग्राहीबाट रकम असुल्ने गरिएको आरोप लागेको छ। विवरण संकलनमा संलग्न व्यक्तिहरूले राष्ट्रिय परिचयपत्र बनाउन आउने सेवाग्राहीसँग प्रतिव्यक्ति ५ सयदेखि १ हजार ५ सय रुपैयाँसम्म असुल्ने गरेको स्रोतको दाबी छ। स्रोतका अनुसार राष्ट्रिय परिचयपत्रको विवरण संकलनका नाममा दैनिक करिब १० हजारदेखि १५ हजार रुपैयाँसम्म रकम उठ्ने गरेको बताइएको छ। यद्यपि, उक्त रकम असुलीको आरोपबारे सम्बन्धित निकायबाट आधिकारिक पुष्टि हुन बाँकी छ। विवरण संकलन केन्द्रमा सेवाग्राहीलाई अनावश्यक झन्झट दिने गरिएको गुनासोसमेत बढेको छ। सेवाग्राहीका अनुसार सोमबारदेखि शुक्रबारसम्म केन्द्रमा कहिले 'नेट चलेन' त कहिले 'सर्भर डाउन छ' भन्दै उनीहरूलाई फर्काउने गरिएको छ। टोकन लिएर आएका सेवाग्राहीले समेत निर्धारित समयमा सेवा नपाउँदा टोकनको म्याद सकिने र पुनः टोकन लिन लामो लाइनमा बस्नुपर्ने बाध्यता रहेको गुनासो गरेका छन्।

ग्रामीण क्षेत्रबाट राष्ट्रिय परिचयपत्र बनाउन पोखरिया आउने सर्वसाधारणले एकैपटकमा सेवा नपाउँदा समय र खर्च दुवै बढ्ने गरेको छ। पटकपटक केन्द्र धाउनुपर्ने अवस्थाले विशेषगरी आर्थिक रूपमा कमजोर तथा दैनिक ज्यालादारीमा निर्भर सेवाग्राही थप मारमा पर्ने गरेका छन्।

## दुई जनाको विवरण संकलन गर्न ३ हजार मागेको गुनासो




यसैबीच, केही दिनअघि पकाहामैनपुर गाउँपालिकाबाट राष्ट्रिय परिचयपत्रको विवरण संकलन गराउन पोखरिया पुगेकी एक दलित महिलाले आफू र आफ्ना श्रीमान्को विवरण संकलनका लागि बिचौलियाले ३ हजार रुपैयाँ मागेको गुनासो गरेकी छन्। महिलाका अनुसार माग गरिएको रकम दिन अस्वीकार गरेपछि उनका श्रीमान्को नागरिकतामा रहेको होलोग्राम स्टिकर झिकेर भुइँमा खसालिएको थियो। नयाँ नागरिकतामा होलोग्राम स्टिकर किन नभएको भन्दै विवरण संकलन केन्द्रमा प्रश्न गर्दा आफ्ना श्रीमान्लाई हप्काउने तथा धाकधम्की दिने व्यवहार गरिएको उनको आरोप छ। ती महिलाका श्रीमान् नवल रामका अनुसार छोरीको विवाहका लागि बैंकबाट ऋण लिनुका साथै बैंक खाता सञ्चालन गर्न राष्ट्रिय परिचयपत्र आवश्यक परेको हो। यही प्रयोजनका लागि आफूहरू पोखरियास्थित विवरण संकलन केन्द्रमा आएको उनले बताए।

उनकी श्रीमतीको गुनासोअनुसार सेवा प्राप्त गर्न आवश्यक कागजात तथा प्रक्रियाका विषयमा स्पष्ट जानकारी दिनुको सट्टा रकम मागिएको थियो। रकम मागिएको विषयमा विवाद भएपछि नागरिकताको होलोग्राम स्टिकरसमेत झिकेर थप समस्या सिर्जना गरिएको उनको आरोप छ।

## रकम नदिने सेवाग्राहीलाई थप सास्ती दिएको आरोप

स्रोतका अनुसार विवरण संकलनका क्रममा रकम नदिएका केही सेवाग्राहीको नागरिकतामा रहेको होलोग्राम स्टिकर झिकेर भुइँमा फालिदिने गरिएको आरोपसमेत लागेको छ। त्यसपछि सम्बन्धित सेवाग्राहीलाई नागरिकताको प्रतिलिपि लिएर पुनः केन्द्रमा आउनुपर्ने अवस्था सिर्जना हुने गरेको बताइएको छ।

अर्कोतर्फ, रकम बुझाएर एजेन्टमार्फत सेवा लिन पुगेका केही व्यक्तिलाई भने लाइनमा बस्न नपर्ने व्यवस्था मिलाउने गरिएको स्रोतको दाबी छ।

यसले सर्वसाधारण सेवाग्राही र बिचौलियामार्फत सेवा लिने व्यक्तिबीच विभेदपूर्ण व्यवहार हुने गरेको आशंका जन्माएको छ। स्रोतले होलोग्राम स्टिकर नभएका नागरिकतामा समेत सम्बन्धित कर्मचारी वा विवरण संकलनमा संलग्न व्यक्तिहरूले आफैं स्टिकर टाँसेर राष्ट्रिय परिचयपत्र बनाउने प्रक्रिया अघि बढाउने गरेको दाबी गरेको छ। प्रयोग गरिएका स्टिकरसमेत आफूसँगै राख्ने गरिएको आरोप छ। यद्यपि, यी आरोपहरूको स्वतन्त्र पुष्टि हुन बाँकी छ।

## निष्पक्ष छानबिनको माग

राष्ट्रिय परिचयपत्र राज्यले नागरिकलाई उपलब्ध गराउने महत्वपूर्ण पहिचानसम्बन्धी दस्तावेज हो। बैंकिङ सेवा, सरकारी सुविधा तथा विभिन्न प्रशासनिक प्रयोजनका लागि यसको आवश्यकता बढ्दै गएको अवस्थामा विवरण संकलन केन्द्रमा सेवाग्राहीसँग रकम मागिने, अनावश्यक दुःख दिने वा प्रक्रियागत अवरोध सिर्जना गर्ने आरोप गम्भीर विषय बनेको छ।

स्थानीयवासी तथा सेवाग्राहीले पोखरिया राष्ट्रिय परिचयपत्र विवरण संकलन केन्द्रमा देखिएको भनिएको अनियमितताबारे निष्पक्ष छानबिन गर्न सम्बन्धित निकायसँग माग गरेका छन्। उनीहरूले सेवाग्राहीबाट असुली भएको भनिएको रकम, विवरण संकलनमा संलग्न व्यक्तिहरूको भूमिका, टोकन वितरण प्रक्रिया तथा नागरिकताको होलोग्राम स्टिकर प्रयोगसम्बन्धी विषयमा छानबिन हुनुपर्ने बताएका छन्।

सेवाग्राहीलाई सहज, निःशुल्क र पारदर्शी सेवा उपलब्ध गराउनुपर्ने सरकारी केन्द्रमै रकम असुली र विभेदपूर्ण व्यवहारको आरोप लाग्नुले सेवा प्रवाहको विश्वसनीयतामाथि प्रश्न उठाएको छ। सम्बन्धित निकायले आरोपको निष्पक्ष अनुसन्धान गरी दोषी देखिएका व्यक्तिमाथि कारबाही र सेवाग्राहीको गुनासो सम्बोधन गर्नुपर्ने माग गरिएको छ।

## बेपत्ता सानुमाया भारतमा भेटिइन्, वीरगंजबाट बुवाको जिम्मा लगाएर घर पठाइयो



**मधेशदृष्टि**
**वीरगंज।**
करिब ११ महिनादेखि परिवारको सम्पर्कबाट बाहिर रहेकी धादिङकी एक नेपाली युवती भारतको बिहारस्थित मुजफ्फरपुरमा अलपत्र अवस्थामा फेला परेपछि सकुशल उद्धार गरी परिवारको जिम्मा लगाइएको छ। धादिङको थानबेसी गाउँपालिकाकी ३६ वर्षीया सानुमाया तामाङलाई भारतीय प्रहरीले गत साता मुजफ्फरपुर सहरमा अलपत्र अवस्थामा फेला पारेको थियो। प्रहरीले उनलाई उद्धार गरी मुजफ्फरपुरस्थित शान्ति कुटीर आश्रममा राखेको थियो।

भारतमा अलपत्र अवस्थामा रहेकी तामाङको अवस्थाबारे जानकारी पाएपछि जिल्ला प्रहरी कार्यालय पर्साको समन्वयमा मानवसेवा आश्रम वीरगंजको टोलीले गत शनिबार उनलाई भारतबाट उद्धार गरी वीरगन्ज ल्याएको थियो।

उद्धारपछि परिवारसँग सम्पर्क स्थापित भएको र आवश्यक समन्वयपछि शुक्रबार तामाङलाई उनका बुवा गुणासिंह तामाङको जिम्मा लगाएर घर पठाइएको मानवसेवा आश्रम वीरगंजका संस्थापक देवेश गुप्ताले जानकारी दिए।

गुप्ताका अनुसार पर्साका प्रहरी उपरीक्षक पवनकुमार भट्टराई र प्रहरी नायब उपरीक्षक चक्रबहादुर मल्लको रोहबरमा तामाङलाई बुवा गुणासिंहको जिम्मा लगाइएको हो। लामो समयदेखि सम्पर्कविहीन रहेकी छोरी भारतमा फेला परेपछि परिवारसँग पुनर्मिलन गराउन मानवसेवा आश्रम र प्रहरीको समन्वयमा उद्धार तथा हस्तान्तरण प्रक्रिया पूरा गरिएको हो।

## राजेन्द्र महतो नेतृत्वको पार्टीका महासचिवसहित ९ जनाले दिए राजीनामा



**मधेशदृष्टि**
**जनकपुरधाम।**
राजेन्द्र महतो नेतृत्वको राष्ट्रिय मुक्ति पार्टी नेपालका महासचिवसहित ९ जना केन्द्रीय पदाधिकारी तथा सदस्यहरूले सामूहिक रूपमा पार्टीबाट राजीनामा दिएका छन्। काठमाडौँको शान्तिनगरस्थित पार्टी केन्द्रीय कार्यालयमा राजीनामा पत्र बुझाउँदै उनीहरूले आजैदेखि लागू हुने गरी पार्टीको साधारण सदस्यसमेत नरहने गरी सम्पूर्ण जिम्मेवारी त्यागेको जनाएका हुन्।

राजीनामा दिनेमा पार्टीका महासचिव केशवकुमार झासहित केन्द्रीय सदस्यहरू चन्द्रानन्द मिश्र, पंकजकुमार देव, हिरालाल मण्डल, अनुपम झा, रिषिका जलान, कुमारी तामाङ, ललन मिश्र र शैशव राजु रहेका छन्। उनीहरूले संयुक्त रूपमा बुझाएको राजीनामा पत्रमा पार्टीका सम्पूर्ण जिम्मेवारीबाट अलग भएको उल्लेख गर्दै अध्यक्ष राजेन्द्र महतोको आगामी राजनीतिक यात्राका लागि शुभकामना व्यक्त गरेका छन्। महासचिवसहित केन्द्रीय पदाधिकारी तथा सदस्यहरूले सामूहिक राजीनामा दिएपछि राष्ट्रिय मुक्ति पार्टी नेपालमा संगठनात्मक चुनौती देखिएको छ। पछिल्लो राजनीतिक गतिविधिबीच भएको सामूहिक राजीनामाले पार्टीभित्रको आन्तरिक अवस्थाबारे चर्चा सुरु भएको छ।

## महेन्द्र बिन्देश्वरी बहुमुखी क्याम्पसमा तालाबन्दी

**मधेशदृष्टि**
**सप्तरी।**
महेन्द्र बिन्देश्वरी बहुमुखी क्याम्पस, राजविराजमा शुक्रवार तालाबन्दी गरिएको छ। परीक्षा केन्द्र अन्यत्र सारिएको विरोधमा स्वतन्त्र विद्यार्थी युनियनले तालाबन्दी गरेको हो।

सो क्याम्पसका स्वतन्त्र विद्यार्थी सभापति रन्जित कुमार यादवद्वारा जारी प्रेस विज्ञप्तिमा परीक्षा केन्द्र अन्यत्र सारिएको विषयप्रति स्वतन्त्र विद्यार्थी युनियनको गम्भीर ध्यानाकर्षण भएको जनाएको छ। परीक्षा केन्द्र परिवर्तन गर्दा विद्यार्थीको सहजता, आर्थिक अवस्था, आवागमन, सुरक्षा तथा अन्य व्यावहारिक पक्षलाई ध्यान नदिएको भन्दै स्ववियु ले गम्भीर आपत्ति प्रकट गरेको छ।

परीक्षा केन्द्र अन्यत्र सारिएको निर्णय तत्काल पुनरावलोकन गर्नुपर्ने, विद्यार्थीलाई सहज, सुरक्षित र पहुँचयोग्य स्थानमा परीक्षा सञ्चालनको व्यवस्था गर्नुपर्ने, परीक्षा सम्बन्धी सम्पूर्ण सूचना समयमै सार्वजनिक गर्नुपर्ने लगायतका माग अगाडि सारेका छन्।

## अनुसन्धानको क्रममा कटुवा पेस्तोल बरामद

**मधेशदृष्टि**
**रौतहट।**
रौतहटको गरुडा नगरपालिका–७ भिमडावरमा तीनवटा घरमा चोरी भएको घटनाको अनुसन्धानका क्रममा प्रहरीले एक थान लोडेड कटुवा पेस्तोल बरामद गरेको छ।

प्रहरीका अनुसार तीनवटा घरबाट मोबाइल फोन र नगद रकम चोरी भएको थियो। घटनापछि इलाका प्रहरी कार्यालय गरुडाबाट परिचालित टोलीले अनुसन्धानका क्रममा दयाराम साहको घरको बरण्डामा राखिएको खाटबाट एक थान लाइभ राउण्ड लोडेड कटुवा पेस्तोल फेला पारेको हो। हतियार बरामद भए पनि घटनामा हालसम्म कोही पक्राउ परेका छैनन्। प्रहरीले चोरी तथा हतियारसम्बन्धी घटनाबारे थप अनुसन्धान गरिरहेको जनाएको छ।

## जनमत पार्टीको राष्ट्रिय अध्यक्षमा डा. सीके राउत निर्विरोध

# उपाध्यक्षमा १४, महासचिवमा ३ र सचिवमा १० जनाको उम्मेदवारी

मधेशदृष्टि
जनकपुरधाम।
जनमत पार्टीको राष्ट्रिय अध्यक्षमा डा. सीके राउत निर्विरोध निर्वाचित भएका छन्। पार्टीको दोस्रो महाधिवेशनअन्तर्गत बिहीबार मनोनयनपत्र दर्ता गर्ने कार्यक्रम रहेकामा अध्यक्ष पदमा डा. राउतको मात्र उम्मेदवारी परेपछि उनी निर्विरोध भएका हुन्। अध्यक्ष पदमा निर्विरोध भए पनि अन्य पदमा निर्वाचन हुने सम्भावना छ। जनमत पार्टीको दोस्रो महाधिवेशन आगामी असोज ९ र १० गते वीरगंजमा हुँदैछ।

उम्मेदवारको प्रारम्भिक सूचीअनुसार ७ जना उपाध्यक्षका लागि १४ जनाको उम्मेदवारी परेको छ। उपाध्यक्ष पदमा वसन्तकुमार कुशवाहा, अनिता साह, अनिता मण्डल, डा. जयकान्त राउत, नरेन्द्रप्रसाद चौधरी, माधवप्रसाद सिंह, राजकुमार यादव त्यागी, डा. कमरुल्लाह अंसारी, सञ्जयकुमार मिश्र, मदनेशकुमार चौधरी, परमेश्वर मुर्मु, रोसन



खातुन, हरपाल सिंह सोडी र मनोहरी देवी वैठाले उम्मेदवारी दिएका छन्। उम्मेदवारहरू क्रमशः रौतहट, धनुषा, सिरहा, सप्तरी, कपिलवस्तु, पर्सा, सिरहा, बारा, रुपन्देही, सप्तरी, मोरङ, बारा, बाँके र सर्लाहीका हुन्।

जनमत पार्टी केन्द्रीय निर्वाचन समितिका सदस्यसचिव राजेशकुमार मण्डलका अनुसार एकजना निर्वाचित हुने महासचिव पदमा ममता झा, चन्दनकुमार सिंह र सञ्जयकुमार यादवको उम्मेदवारी परेको छ। उनीहरू क्रमशः सप्तरी, महोत्तरी र सिरहाका हुन्। त्यस्तै, एकजना निर्वाचित हुने उपमहासचिव पदमा सिरहाका निर्मलकुमार मण्डल र रौतहटका ललितचन्द्र मल्लिकको उम्मेदवारी परेको छ। ७ जना निर्वाचित हुने सचिव पदमा १० जनाको उम्मेदवारी परेको छ। सचिव पदमा सन्तोषकुमार सहनी, सुरेन्द्र शर्मा मधेशी, हरेन्द्र चौधरी, अन्जनीदेवी, रोहित महतो, पारसप्रसाद साह, राधाकुमारी

*बाँकी पृष्ठ ३ मा*

## भन्सार छलिका कपडा तथा मोबाइल पार्ट्स बरामदम

**मधेशदृष्टि**
**वीरगंज।**
सशस्त्र प्रहरी बल नेपाल पर्साले पर्साको पकाहामैनपुर गाउँपालिकाबाट करिब १० लाख ५८ हजार रुपैयाँ बराबरको विभिन्न किसिमका कपडा बरामद गरेको छ।

सशस्त्र प्रहरीका अनुसार विशेष सूचनाका आधारमा शुक्रबार पकाहामैनपुर गाउँपालिका–५ सबैठवास्थित गाईभैंसीको भुसा राख्ने गोठमा छापा मारिएको थियो। बरामद कपडाको कुल अनुमानित मूल्य १० लाख ५८ हजार ५४० रुपैयाँ रहेको सशस्त्र प्रहरीले जनाएको छ।

बरामद कपडा वीरगंज भन्सार कार्यालयमा बुझाइएको सशस्त्र प्रहरी बल नेपाल नं. १३ गण हेडक्वार्टर पर्साका सूचना अधिकारी सशस्त्र प्रहरी नायब उपरीक्षक प्रकाशचन्द्र भट्टले जानकारी दिए।

यसैगरि वीरगंज महानगरपालिका–१ नैकाटोलास्थित सीमावर्ती क्षेत्रबाट सशस्त्र प्रहरीले करिब ७ लाख रुपैयाँ बराबरको मोबाइल पार्ट्स बरामद गरेको छ। सशस्त्र प्रहरी बल, नेपाल बीओपी सिर्सियाबाट खटिएको टोलीले शुक्रबार भारतबाट अवैध रूपमा भन्सार छली नेपालतर्फ ल्याउँदै गरेको अवस्थामा मोबाइल पार्ट्स बरामद



गरेको हो।

सशस्त्र प्रहरीका अनुसार बरामद मोबाइल पार्ट्सको अन्दाजी मूल्य ६ लाख ९८ हजार ४ सय ५० रुपैयाँ रहेको छ। बरामद सामान आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा बुझाइएको सशस्त्र प्रहरी बल नेपालले जनाएको छ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालय: जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्ष: ध्रुव साह, सम्पादक: रामकुमार एलन